**नेपाल सरकार**

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

**श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग**

**श्रम तथा रोजगार कार्यालय, .................**

# व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी निरीक्षण फारम

**प्रतिष्ठानको सामान्य जानकारी**

प्रतिष्ठानको नाम :

स्थापना मिति :

ठेगाना :

प्रतिष्ठान प्रबन्धक :

सम्पर्क व्यक्ति :

सम्पर्क व्यक्तिको पद :

सम्पर्क फोन/इमेलः

**कार्यतालिका :**

| कार्य | कार्य समय | | विश्राम समय | | श्रमिकको संख्या | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | देखि | सम्म | देखि | सम्म | नेपाली महिला | नेपाली पुरुष | गैरनेपाली महिला | गैरनेपाली पुरुष | |
| १. कार्यालय/प्रशासनिक | | | | | | | | | |
| २. उत्पादन | | | | | | | | | |
| पहिलो शिफ्ट | | | | | | | | | |
| दोस्रो शिफ्ट | | | | | | | | | |
| तेस्रो शिफ्ट | | | | | | | | | |
| अन्य | | | | | | | | | |

मुख्य उत्पादनहरु :

उत्पादन दर :

नेपाल गुणस्तर चिन्ह प्राप्त :

मुख्य कच्चा पदार्थहरु :

उत्पादनमा प्रयोग हुने मुख्य रसायनहरु :

आवश्यक भएका रसायनको आपूर्तिकर्ता (Supplier) को नाम र ठेगाना :

कच्चा पदार्थ खपत (दैनिक/मासिक/वार्षिक) :

बिकारीय वस्तुको किसिम (Solid/Liquid/Gas) :

बिकारीय वस्तुको उत्पादन दर :

# व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी जाँचसूची

| क्रम | जाँच सूची | छ | छैन | गर्नुपर्ने कार्य |
|---|---|---|---|---|
| **(क) सुरक्षा तथा स्वास्थ्य समिति गठन गरिएको सम्बन्धी** | | | | |
| १. | बीस वा सोभन्दा बढी श्रमिक काम गर्ने प्रतिष्ठानमा रोजगारदाताले सुरक्षा तथा स्वास्थ्य सम्बन्धी समिति नियमानुसार गठन गरेको | | | |
| कुनै सिफारिसः | | | | |
| **(ख) सुरक्षा तथा स्वास्थ्य नीति** | | | | |
| २. | सुरक्षा तथा स्वास्थ्य सम्बन्धी लिखित नीति बनाएको | | | |
| ३. | नीति श्रम कार्यालयमा दर्ता गरेको | | | |
| ४. | नीतिका सम्बन्धमा सम्बन्धित श्रमिकहरूलाई जानकारी भएको | | | |
| ५. | नीति कार्यन्वयन गर्नको लागि कार्यविधि वा दिग्दर्शन बनाएको | | | |
| ६. | नीति कार्यन्वयनको अवस्था ठिक | | | |
| ७. | नीति हरेक वर्ष पुनरावलोकन गर्ने गरेको | | | |
| कुनै सिफारिसः | | | | |
| **(ग) जिम्मेवार व्यक्ति तोकिएको** | | | | |
| ८. | कार्यस्थल, उपकरण, वस्तु र पदार्थ सम्बन्धित कामको लागि सुरक्षित तथा स्वस्थ भए/नभएको कुरा सुनिश्चित गर्न जिम्मेवार व्यक्ति तोकिएको | | | |
| ९. | सो व्यक्तिले सुरक्षा तथा स्वास्थ्य सम्बन्धि तालिम पाएको | | | |
| कुनै सिफारिसः | | | | |
| **(घ) संकटकालीन अवस्थाको लागि व्यवस्था** | | | | |
| १०. | बिना कुनै रोकावटको आपतकालीन निकास (Emergency Exit) को व्यवस्था | | | |
| ११. | यस्ता निकासहरूमा प्रष्ट देखिने गरी आपतकालीन सङ्केत/चिन्हहरूको व्यवस्था | | | |

| क्रम | जाँच सूची | छ | छैन | गर्नुपर्ने कार्य |
|---|---|---|---|---|
| १२. | आपतकालीन अवस्था जनाउनको लागि वा आगो लागेको अवस्थामा सबैलाई सचेत गर्न अलार्म (Alarm) वा अन्य कुनै ध्वनि संकेत यन्त्रको व्यवस्था | | | |
| १३. | आपतकालीन अवस्थामा जम्मा हुनको लागि भेला स्थल (Assembling Point) को व्यवस्था एवं सोको जानकारी सम्बन्धी व्यवस्था | | | |
| कुनै सिफारिसः | | | | |
| **(ङ) हिँड्ने बाटो र छेकाहरूको व्यवस्था** | | | | |
| १४. | मानिस हिँड्ने र सामानहरूको सुरक्षित ओसारपसार गर्नको निम्ति आवश्यक छुट्टा-छुट्टै बाटोको व्यवस्था | | | |
| १५. | यस्ता बाटाहरूलाई उचित रेखाङ्कन गरिएको | | | |
| १६. | कार्यक्षेत्रको स्पष्ट रेखाङ्कन गरिएको | | | |
| १७. | खतरनाक क्षेत्रहरूमा उपयुक्त हातेबारको व्यवस्था<br>• झ्याल<br>• भऱ्याङ्<br>• खतरनाक मेशिन<br>• निषेधित क्षेत्र | | | |
| कुनै सिफारिसः | | | | |
| **(च) भण्डारण/स्टोरको व्यवस्था** | | | | |
| १८. | प्रत्येक किसिमका कच्चा पदार्थ भण्डारणको लागि आवश्यकता अनुसार निश्चित स्थानको व्यवस्था | | | |
| १९. | प्रत्येक तयारी उत्पादन भण्डारणको लागि आवश्यकता अनुसार निश्चित स्थानको व्यवस्था | | | |
| २०. | औजार तथा पार्टपूर्जा भण्डारणको लागि आवश्यकता अनुसार निश्चित स्थानको व्यवस्था | | | |

| क्रम | जाँच सूची | छ | छैन | गर्नुपर्ने कार्य |
|---|---|---|---|---|
| २१. | जिन्सी व्यवस्थापन (Store Keeping) सम्बन्धी काम गर्ने श्रमिकलाई स्टोर किपिङ्ग सम्बन्धी जानकारी | | | |
| कुनै सिफारिसः | | | | |
| **(छ) गृह सम्भार (House Keeping) को व्यवस्था** | | | | |
| २२. | कार्यक्षेत्रको नियमित सरसफाइको निम्ति निर्दिष्ट व्यक्तिको व्यवस्था | | | |
| २३. | कार्यक्षेत्रको अनावश्यक वस्तु/फोहोर मैलाहरु राख्नको निम्ति आवश्यक भाँडो एवं स्थान को व्यवस्था | | | |
| २४. | अनावश्यक तरल पदार्थहरु विसर्जनको लागि उपयुक्त व्यवस्था | | | |
| २५. | अनावश्यक ठोस पदार्थहरु विसर्जनको लागि उपयुक्त खाल्डो वा अन्य व्यवस्था | | | |
| २६. | खतरनाक तथा तातो उपयोगी वस्तुहरुलाई पन्छाउने वा सुरक्षित ठाउँमा राख्ने व्यवस्था | | | |
| २७. | भुइको सतहमा चिप्लिने पदार्थहरू जस्तै पानी, तेल या अन्य तरल पदार्थ नरहेको एवं भुइ सतह नचिप्लिने अवस्थामा रहेको | | | |
| कुनै सिफारिसः | | | | |
| **(ज) मेशिनको छेकबारसम्बन्धी व्यवस्था** | | | | |
| २८. | मेशिनका सबै छेकबारहरु सुरक्षित साथ कसेका छन् भन्ने सुनिश्चित गर्ने (Interlock Machine Guarding) व्यवस्था | | | |
| २९. | श्रमिकको पहुँच हुन सक्ने मेशिनका सबै चालू पार्टपूर्जाहरुमा उपयुक्त छेकबारहरु जडान भएको | | | |
| ३०. | शरीरका अङ्गहरु खतरामा परेको बेला मेशिनरी सञ्चालन हुनबाट रोक्ने सुरक्षाका उपकरण/विधिहरुको व्यवस्था | | | |
| ३१. | यस्ता प्रविधिहरुले प्रभावकारी रुपले काम गरिरहेको | | | |
| कुनै सिफारिसः | | | | |

| क्रम | जाँच सूची | छ | छैन | गर्नुपर्ने कार्य |
|---|---|---|---|---|
| | | | | |
| **(झ) विद्युत सुरक्षाको व्यवस्था** | | | | |
| ३२. | अव्यवस्थित र अनियमित विद्युत जडानहरु | | | |
| ३३. | विद्युत तार, Switch आदिको नियमित निरीक्षणको व्यवस्था | | | |
| ३४. | प्रत्येक मेशिनका लागि अलग अलग Switch Box को व्यवस्था | | | |
| ३५. | सबै विद्युतीय उपकरणहरुमा Earthing गरेको | | | |
| ३६. | प्रत्येक मेशिनको लागि अलग अलग फ्युज/MCB को व्यवस्था | | | |
| कुनै सिफारिसः | | | | |
| **(ञ) ताप (Heat) तथा वायु प्रवाह (Ventilation) को व्यवस्था** | | | | |
| ३७. | तापमान उच्च भएका कार्यक्षेत्रहरुमा काम गर्ने श्रमिकहरूलाई पर्याप्त विश्राम समयको व्यवस्था वा Job Rotation को व्यवस्था | | | |
| ३८. | ताप उत्पन्न गर्ने र ताप प्रवाह गर्ने मेशिन एवं उपकरणहरूलाई इन्सुलेशन गरिएको | | | |
| ३९. | ताप उत्पन्न गर्ने र ताप प्रवाह गर्ने मेशिन एवं उपकरणहरूलाई आईसोलेशन गरिएको | | | |
| ४०. | कार्यस्थलको प्रकृति अनुसार उपयुक्त वायु प्रवाहको लागि झ्याल, ढोका तथा Rooftop Ventilation आदिको व्यवस्था | | | |
| ४१. | कामको प्रकृति अनुसार वायु प्रवाहका लागि Exhaust Fan / Local Ventilation /Air Conditioner को व्यवस्था | | | |
| कुनै सिफारिसः | | | | |
| **(ट) प्रकाश (Light) को मापदण्ड** | | | | |
| ४२. | कार्यस्थलमा प्रकाशको स्तर देहाय बमोजिम भएको : | | | |

| क्रम | जाँच सूची | | छ | छैन | गर्नुपर्ने कार्य |
|---|---|---|---|---|---|
| अ) | **विशेष प्रकारका कार्य प्रकृतिहरू** | **न्युनतम प्रकाशको स्तर, Lux मा** | | | |
| | आकस्मिक निकास तथा निकासका बाटाहरू | १० | | | |
| | निष्क्रिय भण्डारण, भण्डारण स्थलहरू, मुख्य प्रवेश र निकासद्वार | २० | | | |
| | अव्यवस्थित भण्डारण स्थल, गोदाम, हिड्ने बाटाहरू, सिंढीहरू, कम्प्रेसर हाउस, भारी र ठूला-ठूला सामानहरू राखिने गोदाम, खुल्ला कार्यस्थलहरू, बेस्मेन्ट, इन्जिन र व्याइलर कोठा, मानव तथा सामान ढुवानी गर्ने लिफ्ट, कन्वेयर, क्रेटिङ, बाकसबाट ढुवानी हुने शाखाहरू, विशिष्ट तथा मझौला खालका सामान राख्ने गोदाम घर, लकर कोठा, शौचालय र प्रसाधन कक्षहरू । | ५० | | | |
| | साधारण जोड्ने कार्य, नियमित टेबलमा हुने कार्यहरू, ग्राइन्डिङ कार्य, साधारण निरिक्षण कार्य, साधारण खोल हाल्ने, बन्द गर्ने र लेभल लगाउने कार्य, कन्ट्रोल कोठाको प्रकाश, अर्ध तयारी फलाम तथा स्टिल उत्पादन हुने कार्यस्थल, अन्न पिध्ने कार्यस्थल, खोल्ने, कार्डिङ, ड्रइङ्ग, स्टविङ, रोविङ, साधारण स्पिनिङ कार्यहरू र यान्त्रिक कार्यहरू । | १०० | | | |
| | मध्यम कठिनाई भएका जोडिने कार्य तथा निरिक्षण कार्यहरू, परीक्षण तथा छानिने कार्यहरू, मर्मतसंभार कार्य हुने क्षेत्रहरू, मध्यम प्रकारका टेबलमा हुने कार्यहरू, मेसिन कन्ट्रोल गर्ने विधुतीय बोर्डहरू, उत्पादित सामाग्रीहरूको निरीक्षण तथा परीक्षण कार्यहरू, काठ ताछ्ने तथा भिनियर बनाउने कार्यहरू, हल्का प्रकृतिका कपडा तथा छालाका सामानहरू सिलाई गर्ने कार्य, हल्का धागो बुन्ने, वार्पिङ्ग र राम्रो स्पिनिङ्ग गर्नु पर्ने कार्यहरू, वेल्डिङ, रिवेटिङ, ड्रीलिङ, किताब बनाउन मोडिने र बाँध्ने कार्यहरू, गहुँको गुणस्तर मापन कार्य, सुति धागाका सामानहरू बुन्ने कार्य वा हल्का रङ्का ऊनका सामान बुन्ने कार्य । | ३०० | | | |
| | कठिन प्रकृतिको निरिक्षण तथा जोड्नु पर्ने कार्यहरू, कलर कोडिङ्ग, कागज उत्पादन (निरिक्षण तथा रिवाइन्डिङ) कार्य, | ५०० | | | |

| क्रम | जाँच सूची | | छ | छैन | गर्नुपर्ने कार्य |
|---|---|---|---|---|---|
| | फिनिसिङ कार्यहरू, राम्ररी गर्नुपर्ने जोडिने कार्य, टेबल तथा यान्त्रिक कार्य, निरीक्षण, सिसाका कुनाहरू मिलाउने र टल्काउने/ चम्काउने कार्यहरू, ध्यान दिएर राम्ररी गर्नु पर्ने काठका कार्यहरू र कडा रङ्गका ऊनका सामाग्रीहरू बुन्ने कार्यहरू । | | | | |
| | उत्कृष्ट रूपमा जोड्नु पर्ने, निरिक्षण कार्यहरू, राम्रा र विशिष्ट इन्सट्रुमेन्टहरूको परिक्षण कार्य, गरगहना तथा घडी उत्पादन कार्यहरू, कडा रङ्गका कपडाका सामाग्रीहरू सिलाई गर्ने तथा स्तरमापन गर्ने कार्यहरू, अन्तिम रङ्गाउने कार्यहरू, छपाई कार्यमा गर्नु पर्ने प्रुफ रिडिङ तथा अन्तिम मिलाउने कार्यहरू । | १००० | | | |
| **(ठ) प्रकाश (Light) को व्यवस्था** | | | | | |
| ४३. | कार्यक्षेत्रमा प्राकृतिक प्रकाशको उपयोग गर्ने व्यवस्था | | | | |
| ४४. | प्राकृतिक तथा कृत्रिम प्रकाशका संयन्त्रहरूलाई नियमित सफाई, मर्मत-सम्भार गर्ने व्यवस्था | | | | |
| ४५. | कार्यक्षेत्रमा कामको प्रकृति अनुसार Local Lighting को व्यवस्था | | | | |
| ४६. | Emergency Lighting को व्यवस्था | | | | |
| ४७. | चम्किलोपन (Light Glare) बाट बच्नको लागि आवश्यक व्यवस्था भएको | | | | |
| कुनै सिफारिसः | | | | | |
| **(ड) ध्वनिको मापदण्ड** | | | | | |
| ४८. | कार्यस्थलमा श्रमिक प्रभावित हुने समयको आधारमा निम्न बमोजिम ध्वनिको स्तर हुनु पर्ने : | | | | |
| **अ)** | **लगातार रूपमा निस्कने ध्वनि (For Continous noise)** | | | | |
| | **प्रभावित हुने कुल समय, प्रति दिन घण्टामा** | **ध्वनिको स्तर, dBA मा** | | | |
| | ८ | ९० | | | |

| क्रम | जाँच सूची | | छ | छैन | गर्नुपर्ने कार्य |
|---|---|---|---|---|---|
| | ४ | ९५ | | | |
| | २ | १०० | | | |
| | १ | १०५ | | | |
| | ३० मिनेट | ११० | | | |
| | १५ मिनेट | ११५ | | | |
| | ११५ dBA भन्दा अधिक ध्वनिमा श्रमिकलाई काम गर्न नलगाएको /रोकेको | | | | |
| **आ)** | **पटके ध्वनिको लागि (For Impact Noise)** | | | | |
| | **प्रभावित हुने कुल पटक प्रति दिन (No of Impact per day)** | **ध्वनिको स्तर, dB मा** | | | |
| | १०० | १४० | | | |
| | ३१५ | १३५ | | | |
| | १,००० | १३० | | | |
| | ३,१६० | १२५ | | | |
| | १०,००० | १२० | | | |
| | १४० dB भन्दा अधिक ध्वनिमा श्रमिकलाई काम गर्न नलगाएको /रोकेको | | | | |
| **(ढ) ध्वनि (Noise) नियन्त्रणको व्यवस्था** | | | | | |
| ४९. | ध्वनि नियन्त्रण गर्नको लागि उपयुक्त डिजाइनको प्रयोग, मेशिन-औजारको समायोजन वा मर्मत सम्भार गरेर स्रोतमा नै ध्वनि नियन्त्रण गर्ने व्यवस्था | | | | |
| ५०. | सकेसम्म ध्वनिको स्रोतलाई पूर्णरूपले पर्दा वा पृथक (Isolate) गर्ने व्यवस्था | | | | |
| ५१. | छानाको उचाइ बढाएर वा ध्वनि शोषक सामाग्री प्रयोग गरेर ध्वनि परावर्तनलाई घटाउने व्यवस्था | | | | |
| ५२. | अत्यधिक ध्वनि निष्काशित गर्ने मेशिनसँग काम गर्ने कामदारको लागि छुट्टै केविनको व्यवस्था | | | | |

| क्रम | जाँच सूची | छ | छैन | गर्नुपर्ने कार्य |
|---|---|---|---|---|
| कुनै सिफारिसः | | | | |
| **(ण) खतरनाक पदार्थहरू ⁄ रसायनहरू** | | | | |
| ५३. | सबै खतरनाक पदार्थ भएका भाँडाहरूमा Material Safety Data Sheet (MSDS) टाँस गरिएको | | | |
| ५४. | सबै प्रयोगमा आउने रसायनहरू भएका भाँडाहरूमा Chemical Safety Data Sheet (CSDS) टाँस गरिएको | | | |
| ५५. | धुलो उत्पन्न गर्ने मेशिनहरूलाई छोप्ने वा अलग राख्ने गरेको | | | |
| ५६. | खतरनाक वाफ तथा ग्याँसहरूका स्रोतहरूलाई पूरै छोप्ने (Insulate) व्यवस्था | | | |
| ५७. | खतरनाक वाफ, धुलो तथा ग्याँसहरूका स्रोतहरूमा स्थानीय (Exhaust Ventilation) को व्यवस्था | | | |
| कुनै सिफारिसः | | | | |
| **(त) खतरनाक सामाग्रीको परिचालन** | | | | |
| ५८. | खतरनाक सामाग्रीहरूको प्रत्यक्ष परिचालन गर्ने सम्भावनालाई कम गर्नको लागि कार्यपद्धतिलाई परिवर्तन गर्ने सम्भावना | | | |
| ५९. | खतरनाक सामाग्रीहरूसँग प्रत्यक्ष सम्पर्क हुनबाट रोक्न श्रमिकहरूलाई उपयुक्त सुरक्षा उपकरणहरूको व्यवस्था | | | |
| ६०. | खतरनाक रसायन परिचालन गर्नुपर्ने ठाउँ नजिक आपतकालीन स्नान गृह, आँखामा रसायन वा धुलो परेमा धुनको लागि पानी तथा फोहराको व्यवस्था | | | |
| कुनै सिफारिसः | | | | |
| **(थ) अग्नि नियन्त्रण** | | | | |
| ६१. | आगोको स्रोत अनुसार विभिन्न किसिमका आगो लागेमा नियन्त्रण गर्ने उपयुक्त किसिमका उपाय/संयन्त्रहरूको व्यवस्था<br>A अग्नि निवारक : काठ, कागज, कपडा, रबर । | | | |

| क्रम | जाँच सूची | छ | छैन | गर्नुपर्ने कार्य |
|---|---|---|---|---|
| | B अग्नि निवारक : ज्वलनशील तरल, ग्याँस, रङ्ग रोगन<br>C अग्नि निवारक (Carbondioxide) : विद्युतबाट हुने आगलागी<br>ABC अग्नि निवारक (सुख्खा रसायन) : पेट्रोलियम, ग्याँस | | | |
| ६२. | अग्नि नियन्त्रण संयन्त्र/उपायहरूको निरीक्षण र सुपरिवेक्षण गर्ने व्यवस्था | | | |
| ६३. | अग्नि नियन्त्रण संयन्त्र/उपायहरूको निरीक्षण र सुपरिवेक्षणको अभिलेख राख्ने व्यवस्था | | | |
| ६४. | अग्नि नियन्त्रण संयन्त्र/उपायहरूको बारे श्रमिकलाई जानकारी भएको | | | |
| ६५. | समय समयमा आगो निभाउने अभ्यासको लागि Mock Drill को व्यवस्था | | | |
| ६६. | अग्नि नियन्त्रक/संयन्त्रहरु सर्वसुलभ स्थल र पहुँचमा राखिएका | | | |
| ६७. | आवश्यक्तानुसार पर्याप्त चापयुक्त पानी पुग्ने गरी हाईड्रेण्ट पोइन्टको साथै होज पाईपको व्यवस्था | | | |
| कुनै सिफारिसः | | | | |
| **(द) व्यक्तिगत सुरक्षाका साधनहरू (PPE)** | | | | |
| ६८. | पर्याप्त र उपयुक्त किसिमका व्यक्तिगत सुरक्षाका साधनहरूको व्यवस्था | | | |
| | अ) उचाईमा काम गर्ने श्रमिकहरूको लागि | | | |
| | क) Safety Belt | | | |
| | ख) हेलमेट | | | |
| | ग) सेफ्टी बूट | | | |
| | आ) खतरनाक धुवाँ/धुलो/वाफको नकारात्मक प्रभावबाट बच्नको लागि | | | |
| | क) धुलो फिल्टर मास्क | | | |
| | ख) ग्याँस फिल्टर मास्क | | | |
| | ग) सुरक्षा चश्मा | | | |

| क्रम | जाँच सूची | छ | छैन | गर्नुपर्ने कार्य |
|---|---|---|---|---|
| | इ) ध्वनिको नकारात्मक प्रभावबाट बच्नको लागि | | | |
| | क) Ear Plug | | | |
| | ख) Ear Muff | | | |
| | ई) रसायनको नकारात्मक प्रभावबाट बच्नको लागि | | | |
| | क) PVC पञ्जा | | | |
| | ख) PVC Apron | | | |
| | ग) PVC Boots | | | |
| | घ) Canister type Gas Mask | | | |
| | ङ) सुरक्षा चश्मा | | | |
| | च) Face Shield | | | |
| | छ) Helmet | | | |
| | उ) आँखाको बचाउको लागि | | | |
| | क) सेफ्टी चश्मा | | | |
| | ख) Face Shield | | | |
| कुनै सिफारिसः | | | | |
| **(ध) सामानको ओसारपसार** | | | | |
| ६९. | भारी, गह्रौं र खतरनाक वस्तुहरूलाई परिचालन गर्न उपयुक्त साधनहरूको व्यवस्था | | | |
| | क) गाडा (Cart) | | | |
| | ख) ट्रली (Trolly) | | | |
| | ग) घिर्नी (Pulley) | | | |

| क्रम | जाँच सूची | छ | छैन | गर्नुपर्ने कार्य |
|---|---|---|---|---|
| | घ) उत्तोलक (Lever) | | | |
| | ङ) कन्भेयर (Conveyor) | | | |
| | च) अन्य | | | |
| कुनै सिफारिसः | | | | |
| **(न) काम गर्ने स्थिति (Ergonomics)** | | | | |
| ७०. | कामको प्रकृति अनुसार काम गर्ने सतह, उपकरण र नियन्त्रकहरूका उचाइ घटबढ गर्ने व्यवस्था | | | |
| ७१. | तन्किएर काम गर्न नपर्ने गर्न तखता, फलैंचा वा मचानको व्यवस्था | | | |
| ७२. | बसेर नै गर्न सकिने कामका लागि ढाड अड्याउन मिल्ने उचित बस्ने व्यवस्था | | | |
| ७३. | बरोबर सञ्चालन गर्नुपर्ने नियन्त्रक स्वीचहरु श्रमिकहरूले सजिलै भेटाउन सक्ने व्यवस्था | | | |
| कुनै सिफारिसः | | | | |
| **(प) कार्य समय र आराम** | | | | |
| ७४. | कार्यतालिकाको जानकारी दिने व्यवस्था | | | |
| ७५. | लामो तथा छोटो विश्राममलाई कार्य समयभित्र समावेश गर्ने गरेको | | | |
| ७६. | कार्य समयमा श्रमिकहरूले छोटो विश्राम (शौचालय जान, पानी पिउन) समय पाउने गरेको | | | |
| ७७. | लगातार पाँच घण्टा काम गरेपछि श्रमिकहरूलाई आधा घण्टा विश्राम गर्न समय दिने गरेको | | | |
| ७८. | पचास जना वा सो भन्दा बढी श्रमिक कार्यरत रहेको प्रतिष्ठानमा विश्रामकक्षको व्यवस्था | | | |
| कुनै सिफारिसः | | | | |

| क्रम | जाँच सूची | छ | छैन | गर्नुपर्ने कार्य |
|---|---|---|---|---|
| **(फ) सूचना तथा सञ्चार** | | | | |
| ७९. | श्रमिकहरूलाई तिनिहरूको कामको स्तर र परिमाण बारे जानकारी गराउने व्यवस्था | | | |
| ८०. | दुर्घटनामा पर्नसक्ने सम्भावना भएका ठाउँमा उपयुक्त चेतावनी वा सावधानीका सूचना वा संकेतहरूको व्यवस्था | | | |
| कुनै सिफारिसः | | | | |
| **(ब) सरसफाई (Sanitation) का सुविधाहरू** | | | | |
| ८१. | श्रमिकको निम्ति पायक पर्ने स्थानमा आवश्यक संख्यामा महिला तथा पुरूषलाई छुट्टा-छुट्टै आधुनिक शौचालयको व्यवस्था | | | |
| ८२. | शौचालयमा उचित प्रकाश एवं पानीको व्यवस्था | | | |
| ८३. | हात खुट्टा धुनको लागि साबुन पानीको आवश्यक व्यवस्था | | | |
| ८४. | शौचालय तथा हात खुट्टा धुने ठाउँहरु नियमित सरसफाई गरी राम्रो सफासुग्घर अवस्थामा रहेको सुनिश्चित गर्ने व्यवस्था | | | |
| कुनै सिफारिसः | | | | |
| **(भ) मालसामान राख्ने दराज** | | | | |
| ८५. | श्रमिकहरूको व्यक्तिगत लुगाहरु राख्न छुट्टै लकरको व्यवस्था | | | |
| ८६. | आवश्यक भएका सबै सामान, ज्यावल, औजार आदि राख्नको लागि ज्यावल बक्सा वा तख्ता (Rack) को व्यवस्था | | | |
| कुनै सिफारिसः | | | | |
| **(म) पिउने पानी तथा क्याण्टिन सम्बन्धी व्यवस्था** | | | | |
| ८७. | श्रमिकहरूको लागि सफा र स्वच्छ पिउने पानीको पर्याप्त व्यवस्था | | | |
| ८८. | पानी पिउनको लागि सफा कप, गिलास वा अन्य भाँडोको व्यवस्था | | | |

| क्रम | जाँच सूची | छ | छैन | गर्नुपर्ने कार्य |
|---|---|---|---|---|
| ८९. | पचास जना वा सो भन्दा बढी श्रमिकहरू कार्यरत रहेको प्रतिष्ठानमा खाना वा खाजा खानको लागि स्वस्थ र सफा क्याण्टिनको व्यवस्था | | | |
| कुनै सिफारिसः | | | | |
| **(य) स्वास्थ्य सम्बन्धी व्यवस्था** | | | | |
| ९०. | प्राथमिक उपचार सामाग्री र उपचारको उपयुक्त व्यवस्था | | | |
| ९१. | स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने प्रतिष्ठानमा काम गर्ने श्रमिकहरूको वार्षिक रूपमा स्वास्थ्य परिक्षणको व्यवस्था | | | |
| ९२. | वार्षिक रूपमा स्वास्थ्य परिक्षण गरेको अभिलेख राख्ने व्यवस्था | | | |
| ९३. | श्रमिकहरूको दर्घटना विमाको व्यवस्था | | | |
| ९४. | श्रमिकहरूको औषधी उपचार सम्बन्धी विमाको व्यवस्था | | | |
| कुनै सिफारिसः | | | | |
| **(र) रोग लागेमा** | | | | |
| ९५. | संक्रामक रोगको रोकथाम तथा नियन्त्रणको लागि समुचित व्यवस्था | | | |
| ९६. | संक्रामक रोगको उपचार गराउनु परेमा उपचारको अवधिभर काममा आउन निजलाई रोक लगाउने व्यवस्था | | | |
| ९७. | बिरामी बिदा अपुग भएमा अन्य बिदामा समायोजन गर्ने वा विशेष बेतलबी बिदाको व्यवस्था | | | |
| ९८. | व्यवसायजन्य रोग लागेमा सो को उपचारको लागि उपचार खर्च वा क्षतिपूर्ति रकम दिने व्यवस्था | | | |
| ९९. | व्यवसायजन्य दुर्घटना तथा रोग लागेको बारे अभिलेखीकरण गरी कार्यालयमा जानकारी दिने गरेको | | | |
| **(ल) सुरक्षा र स्वास्थ्यसम्बन्धी शिक्षा** | | | | |
| १००. | श्रमिकहरूलाई उपकरण वा कामसंग सम्बन्धित रासायनिक, भौतिक वा जैविक | | | |

| क्रम | जाँच सूची | छ | छैन | गर्नुपर्ने कार्य |
|---|---|---|---|---|
| | पदार्थको प्रयोग र संचालनका सम्बन्धमा आवश्यक तालिम र जानकारीको व्यवस्था | | | |
| १०१. | प्राथमिक उपचारसम्बन्धी तालिम र जानकारीको व्यवस्था | | | |
| १०२. | अग्नि निवारक सञ्चालनसम्बन्धी तालिमको व्यवस्था | | | |
| १०३. | स्वास्थ्य र सुरक्षासम्बन्धी आवश्यक सूचना, संकेत, पोष्टरसम्बन्धी जानकारीको व्यवस्था | | | |
| १०४. | व्यक्तिगत सुरक्षा साधनका (PPE) उपयोग सम्बन्धी जानकारीको व्यवस्था | | | |
| कुनै सिफारिसः | | | | |
| **(व) विविध** | | | | |
| १०५. | बोइलर तथा प्रेसर भेसल | | | |
| १०६. | बोइलर तथा प्रेसर भेसलको सञ्चालन इजाजतपत्र लिई सञ्चालन गरेको | | | |
| १०७. | गर्भवती श्रमिक महिलाहरूलाई सामान्यतया निजको स्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी काममा लगाउने व्यवस्था | | | |
| १०८. | पचास वा सो भन्दा बढी महिला श्रमिक कार्यरत कार्यस्थलमा श्रमिकहरूको तीन वर्ष भन्दा कम उमेरका शिशुको हेरचाहको लागि शिशु स्याहार कक्षको व्यवस्था | | | |
| १०९. | प्रतिष्ठान परिसरमा आउने गैरश्रमिकको सुरक्षा तथा स्वास्थ्यको व्यवस्था | | | |
| कुनै सिफारिसः | | | | |

व्यवस्थापन प्रतिनिधिको नामः

निरीक्षणकर्ताः

सही/छापः

मिति :